खुम्बु पासाङल्हामु गाउँपालिका
Khumbu Pasanglhamu Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय, चौरीखर्क, सोलुखुम्बु, कोशी प्रदेश, नेपाल
Office of the Rural Municipal Executive, Chaurikharka, Solukhumbu, Koshi Province, Nepal

मिति: २०८१।०८।२४

# सूचना नं. ५१

## विषयः तह वृद्धिका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना !

उपर्युक्त सम्बन्धमा खुम्बु पासाङल्हामु गाउँपालिका र अन्तर्गतका कार्यालयमा कार्यरत स्थायी कर्मचारीहरुको तह वृद्धिका लागि कोशी प्रदेशको "स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०" को दफा ४ को उपदफा (५) र दफा २७ को उपदफा (१) र (२) मा गरिएको व्यवस्था बमोजिम योग्यता पुगेका कर्मचारीहरुले यो सूचना प्रकाशन भएको मितिले ३० (तिस) दिन भित्र तह वृद्धिका लागि तपशिलमा उल्लिखित कागजात सहित यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

१. पछिल्लो ३ वर्षमा कार्यसम्पादन मूल्याङ्कन फाराम बुझाएको कार्यालयको नाम स्पष्ट खुलाई लेखिएको सक्कल निवेदन,
२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,
३. सेवा अवधी पुष्टि गर्ने नियुक्ति/बढुवा नियुक्तिको प्रतिलिपि,
४. स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपि (समायोजन भएका कर्मचारीको हकमा),
५. विभागीय सजाय नपाएको, निलम्बनमा नपरेको र सेवा अवधि पुरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र,
६. पेशा सम्बन्धी व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपि (आवश्यक हुनेको हकमा मात्र) ।

Email: ito.khumbupasanglhamumun@gmail.com, info@khumbupasanglhamumun.gov.np
Phone: +97738590046

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
खुम्बु पासाङल्हामु गउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
चौरीखर्क, सोलुखुम्बु ।

विषयः तह वृद्धि गरिदिने सम्बन्धमा।

प्रस्तुत विषयमा यस कार्यालयको तह वृद्धि सम्बन्धी मिति ........................... गते प्रकाशित सूचना अनुसार हाल म तपशिल बमोजिमको पद तथा तहमा कार्यारत रहेको र उक्त सूचना बमोजिमको पदमा तह वृद्धि हुन योग्य रहेको हुँदा तपशिल बमोजिमको कागजात सहित यो निवेदन पेश गर्दछु ।

तपशिल

१. पछिल्लो ३ वर्षमा कार्यसम्पादन मूल्याङ्कन फाराम बुझाएको कार्यालयको नाम स्पष्ट खुलाई लेखिएको सक्कल निवेदन,
२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,
३. सेवा अवधी पुष्टि गर्ने नियुक्ति/बढुवा नियुक्तिको प्रतिलिपि,
४. स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपि ( समायोजन भएका कर्मचारीको हकमा),
५. विभागीय सजाय नपाएको, निलम्बनमा नपरेको र सेवा अवधि पुरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरको सिफारिस पत्र,
६. पेशा सम्बन्धी व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपि ( आवश्यक हुनेको हकमा मात्र) ।

| हाल कार्यरतः | तह वृद्धि गर्नेः |
|---|---|
| पदः | पदः |
| सेवा, समूहः | सेवा समूहः |
| तह | तहः |
| कार्यालयः | कार्यालयः |

(माथि उल्लेखित सबै व्यहोरा ठिक साँचो हो झुठा ठहरे कानून बमोजिम सहुँला बुझाँउला ।)

निवेदक

नामः

दस्तखतः

क.सं.नं.